'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : १५३ मंगलबार १५ माघ, २०८१ 28 (Tuesday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### हाम्रो अपेक्षा अनुसार काम हुन सकेनः कँडेल

# कर्णाली सरकारको अर्धवार्षिक समीक्षा निरासाजनक

नमस्ते समचारदाता

सुर्खेत, माघ/१४




कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनाको कार्यक्रमको मन्त्रालयगत समीक्षा गरिरहेको छ। अर्धवार्षिक समीक्षा अनुसार सरकार विकास बजेट कार्यान्वयनमा कमजोर देखिएको छ । सरकारले सोचे जसरी काम हुन नसकेको मुख्यमन्त्री स्वयमले स्वीकारेका छन् । मुख्यमन्त्री यामलाल कँडेलले विकास बजेट कार्यान्वयनको अवस्थामा सुधार ल्याउने दाबी गर्दै आए पनि परिणाम सकारात्मक आउन सकिरहेको छैन । ०८१ साउन १० गते मुख्यमन्त्री कँडेलले मन्त्री, सचिवदेखि जिल्लास्थित कार्यालय प्रमुखहरूलाई आफ्नो कार्यकक्षमा बोलाएर बजेट कार्यान्वयन सन्दर्भमा १० बुँदे प्रतिबद्धता जाहेर गर्न लगाए । उनले त्यतिबेला 'औँला ठडिन नदिने गरी काम गर्नुहोस्' भनेका थिए । प्रदेश लेखा नियन्त्रकको कार्यालयका अनुसार चालु आर्थिक वर्षको ६ महिना (पुस मसान्त)सम्म सरकारले जम्मा ८.९० प्रतिशत अर्थात् १ अर्ब ६६ करोड ९३ लाख ६० हजार ३८९.०८ रुपैयाँ मात्रै कार्यान्वयन गरेको छ । जबकि सरकारसँग अझै १७ अर्ब ८ करोड ५८ लाख ७ हजार ६११ रुपैयाँ बराबरको विकास बजेट मौज्दात छ। पहिलो ६ महिनामा ८.९० प्रतिशत बजेट खर्च गरेको सरकारले अन्तिम ६ महिनामा कति बजेट कार्यान्वयन गर्ला भन्नेमा सर्वत्र चासो छ । चालु आर्थिक वर्ष ०८१/०८२ का लागि सरकारले विकासतर्फ १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार रुपैयाँ विनियोजन गरेको छ । मंसिर मसान्तसम्म १ अर्ब ४ करोड ४२ लाख ५३ हजार ९९९ रुपैयाँ कार्यान्वयन गर्न सकेको सरकारले पुस महिनाभर ६२ करोड ५१ लाख ६ हजार ३९० रुपैयाँ खर्च गऱ्यो । चालु आर्थिक वर्षमा सरकारले ८० प्रतिशत बजेट कार्यान्वयन गर्ने लक्ष्य लिए पनि अर्धवार्षिक समीक्षामा त्यस अनुसार नतिजा देखिएको छैन । आर्थिक वर्ष ०८०/०८१ मा १९ अर्ब ५७ करोड ८८ लाख ९५ हजार वार्षिक विकास बजेट रहेकोमा पहिलो ६ महिनामा ७.५६ प्रतिशत बजेट कार्यान्वयन भएको थियो । अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाको तुलनामा प्रतिशतका आधारमा चालु आर्थिक वर्ष विकास बजेट कार्यान्वयन केही बढी देखिएको छ। तर दुई आर्थिक वर्षको बजेटको आकार र कार्यान्वयनको अवस्था हेर्दा नतिजा उत्साहप्रद छैन । गत वर्षभन्दा यो वर्ष १ अर्बले विकास बजेटको आकार न्यून छ। आर्थिक वर्ष ०७९/०८० मा १९ अर्ब ४५ करोड विकास बजेट रहँदा पहिलो ६ महिनामा ९.०८ प्रतिशत कार्यान्वयन भएको थियो । त्यो बेला चुनावी वर्ष भए पनि विकास बजेट कार्यान्वयनको अवस्था पछिल्ला दुई वर्षभन्दा बढी थियो । जुन मन्त्रालयमा बजेट धेरै, त्यसैको कार्यान्वयन अवस्था कमजोर देखिएको छ । कुल विकास बजेटको आधाभन्दा बढी हिस्सा रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय नै बजेट कार्यान्वयनमा उदासीन देखिएको छ । १० अर्ब १७ करोड ८२ लाख २४ हजार रुपैयाँ विकास बजेट रहेको यो मन्त्रालयले ६ महिनामा जम्मा १०.०२ अर्थात् १ अर्ब १ करोड ९३ लाख ७५ हजार ७२६ रुपैयाँ कार्यान्वयन गरेको छ । यो मन्त्रालयसँग बाँकी रहेको ९ अर्ब रकम अबको ६ महिनामा खर्च गरिसक्न असम्भव जस्तै रहेको मन्त्रालयकै कर्मचारी बताउँछन् । मुख्यमन्त्री यामलाल कँडेलले आफ्ना विश्वासपात्र मानिएका शेर बहादुर बुढालाई भौतिक मन्त्री बनाए पनि मन्त्री बुढाको कार्यक्षमता माथि चौतर्फि प्रश्न उठिरहेको छ। सत्ता साझेदार दल नेपाली कांग्रेसले उनको कार्यशैली माथि आपत्ति जनाउँदै बर्खास्त गर्नुपर्ने माग गरिसकेको छ । कांग्रेस संसदीय दलका प्रमुख सचेतक हिक्मत विष्टले भने, 'उहाँको कुनैपनि गतिविधि आशालाग्दो र जनताको पक्षमा छैन, उहाँ काम नै गर्न नसक्ने भएपछि त्यो कुर्सीमा बसिराख्न उपयुक्त छैन ।' कांग्रेसको भागमा रहेको र बढी विकास बजेट रहेको जलस्रोत तथा ऊर्जा मन्त्रालयको अवस्था अझ कमजोर छ ।

बाँकी ३ पेजमा...

### शान्ती प्रक्रियाः द्वन्द्वपीडित अझै सम्म पीडित

# योजना कार्यान्वयनमा गरेर पीडा मेटाउन सकिन्छ : मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता

दाङ, माघ/१४



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले द्वन्द्वको घाउ सधैँका लागि मेटाउने गरी परिपूरणका योजनाहरुलाई कार्यान्वयन गरेर द्वन्द्वपीडितहरुको पीडालाई कम गर्न सकिने र त्यस्ता योजनाहरुलाई सरकारले प्राथमिकतामा राखेर काम गर्न बताएका छन् । अमर प्रहरी परिवार र अशक्त प्रहरी संघ लुम्बिनी प्रदेश समितिसँगको छलफलमा मुख्यमन्त्री आचार्यले संघीय सरकारले परिपूरणको कामलाई अघि बढाउने र प्रदेश सरकारले द्वन्द्वपीडितको उपचार र उद्यमशीलतालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिने बताए । मुख्यमन्त्री आचार्यले भने, 'द्वन्द्वको घाउ सधैँका लागि मेटाउने गरी सरकारले काम अघि बढाएको छ । कानुनी रूपमा नै यो समस्या समाधान गर्न सरकारले विधेयक समेत पारित गरेर कार्यान्वयनको चरणमा पुऱ्याएको छ । प्रदेश स्थापना भएदेखि नै द्वन्द्वपीडित र तिनका परिवारका सदस्यको उपचार निःशुल्क गर्ने, उत्पादनसँग जोड्न सिपमूलक तालिम सञ्चालन गरिएका छन् । यसबाट पनि यहाँहरूले लाभ लिनुभयो होला भन्ने मलाई विश्वास लागेको छ ।' द्वन्द्वपीडितको समस्या समाधान गर्न संघीय सरकारले काम गरिरहेको र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठनको कामलाई पनि सहमतिको आधारमा अघि बढाउने प्रयत्न सरकारले गरेको उनको भनाइ छ। लुम्बिनी प्रदेश द्वन्द्वबाट प्रभावित भएको र धेरै क्षति व्यहोरेको प्रदेश मध्येमा पर्छ । सरकारले परिपूरणको योजना निर्माण गरेर अघि द्वन्द्वपीडितहरुको घाउमा मलम लगाउनु आवश्यक छ। संस्थापक अध्यक्ष तथा संरक्षक नवराज श्रेष्ठ र कोषाध्यक्ष हरि सुनारले परिपूरणका योजनासँग जोडिएका विषयहरू समेटिएको ज्ञापनपत्र बुझाएका थिए । पत्रमा उपयुक्त स्थानहरूमा सहिद स्मारक शान्ति पार्क निर्माण, आर्थिक सहायतालगायतका विषयहरू समेटिएका छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७७८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# बाँकेमा एमालेका अग्रज नेताहरूलाई सम्मान

नमस्ते समचारदाता

बाँके, माघ/१४




बाँके जिल्लामा रही लामो समय सम्म वामपन्थी आन्दोलनमा महत्वपूर्ण योगदान गर्ने अग्रज नेताहरूलाई सोमबार नेपालगञ्जमा एमाले बाँकेले सम्मान गरेको छ । नेकपा (एमाले) बाँके शिक्षा तथा मानव स्रोत विभागको आयोजनामा भएको कार्यक्रममा नेकपाका संस्थापक सचिव स्व. रुपसिंह सिँजापति सहित ६५ जना अग्रज नेतालाई सम्मान गरिएको हो । अग्रज नेताहरूलाई सम्मान गर्दै नेकपा (एमाले) का सचिव तथा प्रदेश इन्चार्ज पद्मा अर्यालले अग्रजहरूको सम्मानबाट मात्र सही मार्गमा हिड्न प्रेरित हुने भन्दै अग्रजहरूले देखाएको मार्गमा पार्टी निरन्तर अघि बढेको बताइन । अर्यालले भनिन, 'तपाईं अग्रजहरूको योगदान महत्वपूर्ण छ, तपाईहरुका कारण पार्टी आजको अवस्थामा पुगेको श्रेय तपाईंहरूलाई जान्छ ।' सो अवसरमा २०२३ सालमा पार्टी सदस्यता प्राप्त गरेका केन्द्रीय सल्लाहकार तथा पूर्व सांसद बाबुराम गौतम, रोमहर्ष धिताल लगायत ६५ जना अग्रजको सम्मान गरिएको हो । सम्मानित भएका खजुरा -२ का भक्तबहादुर केसीले आफुहरूले पार्टी निर्माणमा सकेको योगदान गरेको भन्दै जनताको पक्षमा केन्द्रित हुन पार्टी नेतृत्वलाई सुझाव दिएका थिए । २०४६ सालभन्दा पहिले पार्टीको सङ्गठित सदस्यता प्राप्त गरेका अग्रज नेताहरूको सम्मान गरिएको विभागका प्रमुख सूर्य रोकायले बताए ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## रवीको मुद्दामा 'इगोको रुपमा बिगो' दाबी

सहकारी हिनामिनाको मुद्दा खेपिरहेका रास्वपा सभापति रवि लामिछाने विरुद्ध पोखराको सूर्यदर्शन सहकारीमा तीन करोड ३७ लाख बिगो तोकिएकामा कास्की जिल्ला अदालतले ६५ लाख धरौटी माग्यो । त्यस्तै, कालिमाटीको स्वर्णलक्ष्मी सहकारीमा पाँच करोड आठ लाख बिगो तोकिएकोमा काठमाडौं जिल्ला अदालतले ६० लाख धरौटी माग्यो । रविमाथि तोकिएको बिगो र धरौटीमा उनका कानुन व्यवसायीले प्रश्न उठाएका छन् । राजनीतिक 'इगो'का आधारमा अभियोगपत्रमा ठुलो रकम राखेर बिगो तोकिएकै भरमा धरौटी पनि अत्यधिक मागिएको भन्दै असन्तुष्टि जनाएका हुन् । रवि लामिछानेका तर्फबाट वकालत गरिरहेका अधिवक्ता डा. नारायण कँडेलका अनुसार अभियुक्तले लेनदेन अस्वीकार गरेको, अभियोजनकर्ताले पनि लेनदेन प्रमाणित हुने गरी कुनै कागज प्रमाण देखाउन नसकेको अवस्थामा अभियोगपत्रमा बिगो रकम धेरै राखेकै भरमा अदालतले पनि ठुलो रकम धरौटी माग्दा न्याय हुन्छ कि हुँदैन ? 'अभियुक्तले लेनदेन अस्वीकार गरेको, अभियोजनकर्ताले पनि लेनदेन प्रमाणित हुने गरी कुनै कागज प्रमाण देखाउन नसकेको अवस्थामा अभियोगपत्रमा बिगो रकम धेरै राखेकै भरमा अदालतले पनि ठुलो रकम धरौटी माग्दा न्याय हुन्छ कि हुँदैन ?' भन्ने प्रश्न सर्वत्र उठिरहेको छ । धरौटी भनेको अभियुक्तलाई अस्थायी रूपमा रिहा गर्नका लागि अदालतको आदेशअनुसार तिर्नुपर्ने निश्चित रकम वा सम्पत्ति हो । यसले अभियुक्तलाई अदालतमा हाजिर हुने सुनिश्चितता प्रदान गर्छ । फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ ले नौ विभिन्न आधारमा विचार गरी मनासिब किसिमले धरौटी जमानत तोक्न सक्ने व्यवस्था गरेको छ । त्यसमा कसुरको प्रकृति र गम्भीरता तथा अभियुक्त तथा कसुरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थितिलाई पनि प्रमुख आधार मानिएको छ । स्वर्णलक्ष्मीको संगठित ठगी मुद्दामा त्यहाँबाट कानुन विपरीत गोर्खा मिडियामा पाँच करोड आठ लाख ल्याइएको भन्दै कम्पनीका सञ्चालक रवि र गीतेन्द्रबाबु (जिबी) राईको हकमा त्यति नै बिगो कायम हुनुपर्ने जिकिर अभियोगपत्रमा छ । गोर्खा मिडियाकै अर्का सञ्चालक छविलाल जोशीलाई दुई (रवि र जिबी)को भन्दा बढी पाँच करोड ७८ लाख एकल बिगो दाबी गरिएको छ । तर, काठमाडौं जिल्ला अदालतले रविलाई ६० लाख धरौटी माग गरेकोमा छविको हकमा भने ५० लाख मात्रै मागेको छ ।

# ज्येष्ठ नागरिकप्रति राज्यको दायित्व

**गीता खड्का**



● गीता खड्का

ज्येष्ठ नागरिकको जीवन सहज, संरक्षित र सम्मानित बनाउने राज्यको पहललाई परम्परागत ढङ्गले दया, माया र सेवा भावले मात्र प्रदान दिने प्रचलनलाई वैज्ञानिक पद्धति अपनाई सेवा, संरक्षण र अवसर प्रदान गर्नेतर्फ जोड दिन आवश्यक छ । ज्येष्ठ नागरिकलाई, कुनै किसिमको विपत्ति, महामारी वा सम्भावित प्राकृतिक प्रकोपको जोखिमबाट जोगाउन राज्यले पूर्वतयारीका कामहरूलाई जोड दिनुका साथै विशेष योजना बनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

बुढ्यौली, मानव जीवनको प्राकृतिक र निरन्तर चलिरहने प्रक्रिया हो । बुढ्यौलीमा, उमेरसँगै मानिसको शारीरिक तथा मानसिक अङ्गको कार्य क्षमतामा कमी आउँछ । यसरी उमेरसँगै जीवनशैलीमा आउने कमीलाई स्विकार्दै अघि बढ्नु प्रकृतिको नियम हो । जन्मेपछि मृत्यु निश्चित छ तर हरेकले आफ्ना जीवनको उत्तरार्ध राम्रो समय, स्वस्थ र खुसीसाथ अनि परिवार वा अरू कसैप्रति आश्रित नभइकन मर्ने चाहना राखेको पाइन्छ । बढ्दो उमेरका साथै ज्येष्ठ नागरिकमा उच्च रक्तचाप, मधुमेह, जोर्नी दुख्ने, मिर्गौलासम्बन्धी, डिप्रेसन, अल्जाइमर र आँखा कमजोर हुनेलगायतका विभिन्न किसिमका रोगले सताउन सक्छन् । यसैले शारीरिक कमजोरी तथा अस्वस्थताले गर्दा ज्येष्ठ नागरिकलाई विभिन्न प्रकारका सहायताको आवश्यकता पर्छ । विषेशतः युवा अवस्थामा सक्रिय दैनिकी बिताइरहेका मानिस अवकाशपछि तुरुन्तै मानसिक तनावबाट ग्रस्त भएको, जसले गर्दा विभिन्न किमिमका स्वास्थ्य समस्या छिटै नै देखिने गरेको विभिन्न अध्ययन-अनुसन्धानले प्रमाणित गरेका छन् । यस्ता किसिमका स्वास्थ्य समस्यालाई कम गर्न धेरैले सामाजिक तथा सेवामूलक कार्यमा सहभागी हुने, फूलबारी-करेसाबारीमा काम गर्ने, किताब पढ्ने-लेख्ने, राजनीतिक, सामाजिक तथा धार्मिक गतिविधि आदिमा संलग्न भई आफूलाई व्यस्त बनाउने प्रयास गरेको पनि पाइन्छ । विशेष गरी सहरीक्षेत्र बस्ने र आर्थिक रूपमा सक्षम रहेका ज्येष्ठ नागरिक उमेरसँगै आउने स्वास्थ्य समस्याप्रति सजग भई आफ्नो दैनिकी अगाडि बढाएको पाइन्छ । धेरैजसो अवस्थामा ज्येष्ठ नागरिकले मानव अधिकार पूर्ण रूपमा उपभोग गर्न पाएका हुँदैनन् । ज्येष्ठ नागरिकलाई अनुत्पादक तथा आर्थिक बोझको रूपमा हेरिन्छ र परिवारबाट उपेक्षित रहने गरेको अवस्था पनि पाइन्छ । कतिपय अवस्थामा ज्येष्ठ नागरिकका उत्तरधिकारी र आफन्तले नै उनीहरूको चल-अचल, धन, सम्पत्ति फकाएर वा झुक्याएर लिने र त्यसपछि उनीहरूलाई एक्लो, सहाराविहीन र दीनहिन अवस्थामा पुऱ्याएर छोड्ने गरेको देखिन्छ । साथै समय समयमा देखिने गरेको महामारी, प्राकृतिक प्रकोप तथा विपत्तिले पनि ज्येष्ठ नागरिकको अवस्था अत्यधिक जोखिममा पर्ने गरेको छ । यसको ज्वलन्त उदाहरण कोभिड-१९ महामारीलाई लिन सकिन्छ । ज्येष्ठ नागरिक राष्ट्रका अनुभवी, ज्ञान, सिपयुक्त, र आदरणीय व्यक्तित्व हुनुका साथै भाषा, धर्म, संस्कृति र मानव सभ्यताका जीवित प्रमाण हुन् । ज्येष्ठ नागरिकलाई जिउँदो इतिहास, जीवन्त पुस्तकालय, परिवार, समाज र राष्ट्रप्रतिको योगदानका लागि सम्मान गरिनु पर्छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालमा ज्येष्ठ नागरिकहरूको सङ्ख्या २९.७ लाख (६० वर्षभन्दा माथिको उमेर समूह) जुन कुल जनसंख्याको करिब १०.२ प्रतिशत रहेको छ । यो संख्या अघिल्लो जनगणनाको तुलनामा ३८.२ प्रतिशतले वृद्धि भएको हो । ज्येष्ठ नागरिकको अधिकार संरक्षणका लागि नेपालले पनि संवैधानिक तथा कानुनी व्यवस्था गरेको छ । नेपालले २०६३ सालको अन्तरिम संविधानमा ज्येष्ठ नागरिकका लागि मौलिक हकको व्यवस्था गऱ्यो । त्यस संविधानको धारा १८(२) मा 'महिला, श्रमिक, वृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुने छ' भन्ने उल्लेख थियो । संविधानको यही प्रत्याभूतिलाई कार्यान्वयन गर्न ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ बनाएर मङ्सिर ८ गतेदेखि लागु गरेको छ । हाल प्रचलनमा रहेको नेपालको संविधानले ज्येष्ठ नागरिकको हकलाई धारा ४१ मा छुट्टै व्यवस्था गरेको छ । त्यसमा 'ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने छ' भन्ने मौलिक हक दिएको छ । यी मौलिक हकको अतिरिक्त ज्येष्ठ नागरिकको संरक्षणका लागि ज्येष्ठ नागरिक नीति, २०५६, ज्येष्ठ नागरिक नियमावली, २०६५, ज्येष्ठ नागरिक कार्ययोजना २०६५ तथा विभिन्न आवधिक राष्ट्रिय योजनामा पनि समावेश गर्दै आएको छ । सयुक्त राष्ट्रसङ्घको मड्रिट इन्टरनेसनल प्लान अफ एक्सन अन एजिङमा उल्लेख भएका विषयलाई समावेश गरी हाम्रो मुलुकको परिवेशमा अनुकूल र उपयुक्त हुने गरी ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना २०६३ तयार भई सोही अनुरूप कार्यान्वयनमा रहेको छ । ज्येष्ठ नागरिकका ज्ञान, सिप र अनुभवलाई सामाजिक र आर्थिक विकास कार्यमा उपयोग गरी उनीहरूको जीवनस्तर सहज, सुरक्षित र सम्मानित बनाउने दीर्घकालीन अवधारणा यस कार्ययोजनाको रहेको छ । नेपाल सरकारले ज्येष्ठ नागरिकलाई संवैधानिक तथा कानुनी संरक्षण दिई समाजमा उचित र यथोचित ढङ्गले सम्मान दिइने उल्लेख गरेको छ । कानुनी रूपमा वृद्धवृद्धा अभिभावकको पालनपोषणको कर्तव्य उनीहरूको सन्ततिले गर्नु पर्छ भन्ने व्यवस्था गरिएको छ तर पालनपोषणको दायित्व जिम्मेवारीको स्थिति र दायरा समुदाय अनुसार फरक हुने गर्छ । लालनपालन, सरंक्षण, सुरक्षा, रेखदेख, उजुरीसम्बन्धी ज्येष्ठ नागरिक ऐन, २०६३ ले स्थानीय तहलाई विशेष दायित्व तोकिदिएको छ । जसले गर्दा समाजमा ज्येष्ठ नागरिकको अवस्था सुधारोन्मुख रहेको पाइन्छ । ज्येष्ठ नागरिकलाई राज्यका सम्मानित व्यक्तित्वको रूपमा लिने गरिन्छ । ज्ञान र अनुभव सँगालेर जीवनको लामो समय व्यतीत गरिसकेको हुँदा सामुदायिक कार्यक्रममा ज्येष्ठ नागरिकको उपस्थितिलाई सम्मान जनक रूपले लिने गरिन्छ । ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान नीति, योजना, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय घोषणा, प्रतिबद्धता अनुरूप पर्याप्त मात्रामा देशव्यापी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । ज्येष्ठ नागरिक ज्ञान, सिप र अनुभवका भण्डार हुन् । अवकाश प्राप्त ज्येष्ठ नागरिक शारीरिक र मानसिक रूपमा धेरै वर्षसम्म सक्रिय रहने गर्छन् । अवसर पाएसम्म उनीहरूले समाजमा सामाजिक आर्थिक, सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान दिने गरेका छन् र सोही अनुरूप राज्यले पनि उनीहरूको क्षमता परिचालन गर्न संयन्त्र बनाउन आवश्यक देखिन्छ । ज्येष्ठ नागरिकको जीवन सहज, संरक्षित र सम्मानित बनाउने राज्यको पहललाई परम्परागत ढङ्गले दया, माया र सेवा भावले मात्र प्रदान दिने प्रचलनलाई वैज्ञानिक पद्धति अपनाई सेवा, संरक्षण र अवसर प्रदान गर्नेतर्फ जोड दिन आवश्यक छ । ज्येष्ठ नागरिकलाई, कुनै किसिमको विपत्ति, महामारी वा सम्भावित प्राकृतिक प्रकोपको जोखिमबाट जोगाउन राज्यले पूर्वतयारीका कामहरूलाई जोड दिनुका साथै विशेष योजना बनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ । शारीरिक र मानसिक रूपमा स्वस्थ रहन विशेष गरी ज्येष्ठ नागरिकहरूका लागि सकारात्मक चिन्तन र शारीरिक व्यायाम अति आवश्यक हुन्छ । यसका लागि घुमफिर तथा हिँडडुलका लागि खुला ठाउँ वा उपयुक्त सुविधाजनक सरंचना, व्यवस्था गर्नुपर्ने देखिन्छ । ज्येष्ठ नागरिकसम्बन्धी राज्यले अपनाएको पहलहरूलाई केन्द्रदेखि स्थानीय तहसम्म कार्यान्वयनमा जोड दिनुका साथै आआफ्नो तहमा नियमित अनुगमनलाई अनिवार्य गर्न जोड दिनु पर्छ । *–गोरखापत्र*

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

# कुष्ठरोगमुक्त नेपाल घोषणामा चुनौती

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/१४



कर्णालीमा कुष्ठरोगका नयाँ बिरामीको संख्या बर्सेनि बढ्दै गएपछि सन् २०३० मा नेपाललाई कुष्ठरोगमुक्त नेपाल बनाउने लक्ष्यमा चुनौती देखिएको छ। पछिल्लो पाँच वर्षमा कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने दर बढ्दै गएपछि यो चुनौती देखिएको हो। आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म कुष्ठरोगका नयाँ बिरामी बढिरहेका छन्। ७२ औँ विश्व कुष्ठरोग दिवसका अवसरमा आयोजित कार्यक्रममा प्रदेश स्वास्थ्य सेवा निर्देशनालयले आव २०७६/७७ मा कुष्ठरोगका ५५ जना नयाँ बिरामी पत्ता लागेको जनाएको छ। त्यसपछि आव २०७७/७८ मा ६७ जना, आव २०७८/७९ मा ६८ जना, २०७९/८० मा ७३ जना र आव २०८०/८१ मा ८० जना कुष्ठरोगका नयाँ बिरामी फेला परेका छन्। निर्देशनालयका क्षयकुष्ठ अधिकृत पदम केसीले बर्सेनि कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने संख्या बढ्दै गएपछि सन् २०३० मा नेपाललाई कुष्ठरोगमुक्त बनाउने सरकारको लक्ष्यमा चुनौती थपिएको बताउनुभयो। यसै गरी उपचारमा रहेका कुष्ठरोगका बिरामीको संख्या पनि बढेको छ। आव २०७६/७७ मा ६८ जना उपचार रत रहेकोमा आव २०७७/७८ मा ७७ जना, आव २०७८/७९ मा ८४ जना, आव २०७९/८० मा ९२ जना र आव २०८०/८१ मा १०२ जना कुष्ठरोगका बिरामी उपचारमा रहेका छन्। यस्तै उपचार पूरा गरी निको भएका बिरामीको संख्या पनि बढेको छ। आव २०७६/७७ मा ७१ जना, आव २०७७/७८ मा ६४ जना, आव २०७८/७९ मा ६८ जना, आव २०७९/८० मा ६९ जना र आव २०८१/८१ मा ७६ जना कुष्ठरोगका बिरामी उपचार पूरा गरी निको भई गएको निर्देशनालयका क्षयकुष्ठ अधिकृत केसीले बताउनुभयो। कर्णालीमा सबैभन्दा धेरै कुष्ठरोगका नयाँ बिरामी सुर्खेतमा पत्ता लागेको छ। सुर्खेतमा २२ जना, सल्यान र जाजरकोटमा समान नौ जना, कालीकोट र दैलेखमा छ/छ जना, रुकुम पश्चिममा पाँच जना, जुम्ला र मुगुमा पाँच/पाँच जना, डोल्पामा दुई जना नयाँ बिरामी फेला परेका छन्। डोल्पामा दुई जना नयाँ बिरामी फेला परेका छन्। हुम्लामा भने नयाँ बिरामी फेला नपरेको जनाइएको छ। उहाँले कुष्ठरोगप्रति समाजमा अझै पनि नकारात्मक धारणा हाबी भएकाले जनचेतनाका माध्यमबाट भेदभाव र लाञ्छना हटाउन जरुरी रहेको बताउनुभयो। अबको पाँच वर्षभित्र नेपाललाई कुष्ठरोगमुक्त बनाउने अभियान चुनौतीपूर्ण रहेको हुँदा सबैको सहकार्यले सम्भव बनाउनुपर्ने उहाँको भनाइ छ। जिल्ला जनस्वास्थ्य सेवा कार्यालयका प्रमुख गणेशभक्त गौतमले कुष्ठरोगमुक्त गर्ने अभियानमा हातेमालो गर्न सबैसँग आह्वान गर्नुभयो। साथै कुष्ठरोगी र उनीहरूका परिवारलाई गर्ने भेदभाव हटाउन सचेतनाको कामलाई पनि अगाडि बढाइएको उहाँले जनाउनुभयो। सुर्खेतमा साइनिङ अस्पताल आइएनएफ नेपाल सुर्खेतमा कुष्ठरोगका बिरामीको उपचार गर्न पाँच शैयाको अस्पताल सञ्चालनमा छ। अहिले उक्त अस्पतालमा छ जना कुष्ठरोगका बिरामी उपचाररत छन्। साइनिङ अस्पताल आइएनएफ नेपाल सुर्खेतका कार्यक्रम संयोजक ललितबहादुर सारूले कुष्ठरोगमुक्त गर्ने अभियानको अवधि कम भएको तर नयाँ बिरामी फेला पर्ने क्रम बढिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।

# छाउगोठमा बसेकी महिलालाई बाघको आक्रमण

■ नमस्ते समचारदाता

कैलाली, माघ/१४



कैलालीको मोहन्याल गाउँपालिका-७ कुइनेमा छाउगोठमा सुतिरहेकी एक महिलालाई बाघको आक्रमण गरेको छ। माघ १३ गते आइतबार राति साढे दश बजेतिर कुइनेस्थित आफ्नै घर नजिकै छाउगोठमा सुतिरहेको अवस्थामा ४५ वर्षीया सरस्वती बिटालुलाई बाघले आक्रमण गरेको हो। बिटालु निदाउन लागेकै बेला बाघको आक्रमण भएको र छाउगोठ वरपरका मानिसहरूले होहल्ला गरेपछि बाघ भाग्दा बिटालुलाई बचाउन सकिएको कुइनेबाट वीरेन्द्र बहादुर रावलले जानकारी दिनुभयो। मानिसको हल्ला र बिजुलीको उज्यालो भएकाले बाघ भाग्यो, बिटालु सामान्य घाइते हुनुहुन्छ, रावलले भन्नुभयो, 'पञ्जाले टाउकोमा हानेको छ, अनुहारमा घाउ छ, दाँत लगाउन पाएनन् राति भइसकेकाले आज बिहान उपचारका लागि लम्की तिर ल्याउन लागिएको छ।' विटालुका श्रीमान् रोजगारीका लागि भारतमा हुनुहुन्छ। सुदूरपश्चिम र कर्णाली प्रदेशमा महिनावारी भएको महिलासँग छुवाछुतको व्यवहार गर्ने, महिनावारी भएको बेला महिलालाई घरभन्दा टाढा राख्ने र महिला बस्ने घर (छाउगोठ) असुरक्षित हुने भएकाले महिलालाई बाघको आक्रमण हुने, बलात्कारको सिकार हुने घटना वर्षौंदेखि हुँदै आएका छन्। मोहन्याल गाउँपालिकामा बाघले यहाँका किसानले पालेका बाख्राहरू, गाईहरू खाने गरेको छ। कर्णाली पारी बर्दिया राष्ट्रिय निकुञ्ज रहेको र मोहन्यालमा पनि जङ्गल क्षेत्र धेरै भएकाले यहाँ बाघ बस्तीमा पसेर आक्रमण गरिरहन्छ।

## कर्णाली...

यो मन्त्रालयका लागि दुई अर्ब ६० करोड ९० लाख ३ हजार रुपैयाँ विकास बजेट रहेकोमा ६ महिनामा जम्मा ५.६८ प्रतिशत अर्थात् १४ करोड ८२ लाख १३ हजार ४८१ रुपैयाँ मात्रै कार्यान्वयन भएको छ। यो वर्ष एक हजार १४६ कुल आयोजना रहेको उक्त मन्त्रालयले ५०० भन्दा बढी आयोजना अहिलेसम्म कार्यान्वयनको प्रक्रियामै लैजान सकिरहेको छैन। दुई अर्ब ७२ करोड ७८ लाख बराबरको पुँजीगत बजेट रहेको सामाजिक विकास मन्त्रालयले १४.९३ प्रतिशत बजेट कार्यान्वयन गरेको छ। यस्तै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले ४.७२, भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४.९१, कानुन मन्त्रालयले १.९३ प्रतिशतमात्रै पुँजीगत बजेट कार्यान्वयन गरेको लेखा नियन्त्रकको कार्यालयका सूचना अधिकारी ललित थापाले बताए। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ६.०४ र अर्थ मन्त्रालयले ७०.१८ प्रतिशत पुँजीगत बजेट कार्यान्वयन गरेका छन्। चालु आर्थिक वर्ष विनियोजित ३१ अर्ब ४१ करोड ४१ हजार कुल बजेटमध्ये १५.१४ प्रतिशत अर्थात् ४ अर्ब ७५ करोड ४७ लाख ६१ हजार २८५.७३ रुपैयाँ अहिलेसम्म खर्च भएको छ। सरकारको खातामा अझै २६ अर्ब ६५ करोड ५२ लाख ७९ हजार रकम मौज्दात छ। पुँजीगत बजेट कार्यान्वयनमा उदासीन रहेको सरकार चालु बजेट खर्चमा अग्रसर देखिन्छ। यो तलब, भत्ताका लागि खर्च हुने बजेट हो। यो वर्ष १२ अर्ब ४० करोड ४८ लाख ४३ हजार चालु बजेट रहेकोमा ६ महिनामा २४.४७ प्रतिशत बजेट खर्च भइसकेको छ। चालु खर्च भने गत वर्षको तुलनामा बढी नै देखिएको छ। मुख्यमन्त्री यामलाल कँडेलले खर्चमा सन्तुष्ट हुने ठाउँ नरहे पनि आम्दानीमा भने सुधार भएको बताए। पुस मसान्तसम्म सरकारको आन्तरिक आम्दानी २६ करोड ८६ लाख १४ हजार ६९८ लाख रुपैयाँ छ। जुन विगतको भन्दा निकै बढी हो। यो वर्ष ८३ करोड ४४ लाख ६५ हजार आन्तरिक आम्दानी गर्ने सरकारको लक्ष्य छ। मुख्यमन्त्री कँडेलले भने, 'विगतको भन्दा केही संख्या बढेको छ तर हामीले जे मेहनत र अपेक्षा गरेका छौँ, त्यो अनुसार संख्या देखाउन अझै केही समय लाग्छ।'

# स्वास्थ्य बिमामा स्थानीय सरकारको लगानी

■ नमस्ते समचारदाता

रुकुमपश्चिम, माघ/१४




रुकुमपश्चिमका स्थानीय तहले विपन्न र लक्षितवर्गका नागरिकको स्वास्थ्य बिमामा लगानी गर्ने गरेका छन्। सङ्घीय सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी भएपछि स्थानीय सरकारले समेत त्यसको प्रभावकारी कार्यान्वयनमा सक्रियता देखाएको हो। यहाँका स्थानीय तहले गरिब, विपन्न, द्वन्द्वपीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिलगायतको स्वास्थ्य बिमाका लागि बजेट विनियोजन गरेर बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाएका छन्। चौरजहारी नगरपालिका, आठबिसकोट नगरपालिका, मुसीकोट नगरपालिका र सानीभेरी गाउँपालिकाले बजेट विनियोजन गरेरै नागरिकको स्वास्थ्य बिमा गरिहरेका छन् भने त्रिवेणी र बाँफीकोट गाउँपालिकाले भने यस वर्ष स्वास्थ्य बिमाका लागि बजेट विनियोजन नगरेको बताइन्छ। चौरजहारी नगरपालिकाले केही वर्षयता नै यस कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ। नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकालका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा नागरिकको स्वास्थ्य बिमा गर्न नगरपालिकाले करिब ४५ लाख रकम व्यवस्थापन गरेको छ। यसबाट एक हजार २८४ परिवारका छ हजार ४२० नगरवासीको स्वास्थ्य बिमा गरिएको छ। नागरिकको स्वास्थ्य बिमा गरेर १२ करोड ८४ लाख खर्च बराबरको स्वास्थ्य सुविधा सुनिश्चित गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत ढकालले जानकारी दिनुभयो। मुसीकोट नगरपालिकाले पनि यस वर्ष २१० घरपरिवारको बिमा गरिदिएको छ। यसका लागि नगरपालिकाले करिब साढे सात लाख रुपियाँ लगानी गरेको छ। आठबिसकोट नगरपालिकाले पनि विपन्न, सहिद परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्तिलगायतका लागि आठ लाख रकम विनियोजन गरेर बिमा गरेको जनाएको छ। स्वास्थ्य बिमा कार्यक्रमकै लागि गत आव २०८०/८१ मा सानीभेरी गाउँपालिकाले आठ लाख रुपियाँ विनियोजन गरेको थियो। चालु आवमा पनि सानीभेरी गाउँपालिकाले सहिद परिवार, घाइते, विपन्न नागरिकको स्वास्थ्य बिमा गरेको छ।

# आठ सय कक्षाकोठामा पाँचभन्दा कम विद्यार्थी

■ नमस्ते समचारदाता

सुर्खेत, माघ/१४




कर्णाली प्रदेशका सामुदायिक विद्यालयका ८०४ वटा कक्षाकोठामा पाँच जनाभन्दा कम विद्यार्थी भएको पाइएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार कर्णालीमा रहेका विभिन्न सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम देखिएको हो। केन्द्रद्वारा आइतबार सुर्खेतमा आयोजना गरेको कार्यक्रममा केन्द्रका निर्देशक हरि प्रसाद अर्यालले माथिल्ला कक्षामा अझ विद्यार्थी संख्या कम देखिएको उल्लेख गर्नुभयो। कर्णालीमा दुई हजार ९८४ विद्यालय रहेका छन्। ती विद्यालयका ८०४ वटा कक्षाकोठामा पाँच जनाभन्दा कम विद्यार्थी रहेका छन्। यस्तै एक हजार ८३३ वटा कक्षाकोठामा १० जनाभन्दा कम विद्यार्थी रहेका छन्। १५ जनाभन्दा कम विद्यार्थी संख्या रहेको कक्षाकोठामा दुई हजार ४५८ रहेका छन्। दुई हजार ७६२ कोठामा २० जनाभन्दा कम विद्यार्थी संख्या रहेका छन्।



# सिसिटिभिको सहायताले मान्छे खाने बाघको खोजी

■ नमस्ते समचारदाता

बाँके, माघ/१४



बाँकेको राप्तीसोनारीमा बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएपछि सिसिटिभिको सहायताले बाघ खोज्न सुरु गरिएको छ । महिलालाई आक्रमण गर्ने बाघले अन्य मानिसलाई पनि आक्रमण गर्ने सम्भावना रहेकाले खोजी सुरु गरिएको राप्तीसोनारी सब डिभिजन वन कार्यालय, शमशेर गञ्ज बाँकेले जनाएको छ । कार्यालयका प्रमुख मनोज शर्माले भगवती सामुदायिक वन क्षेत्रमा बाघको खोजीका लागि चार स्थानमा चार क्यामेरा जडान भएको जानकारी गराए । बाघ र चितुवा जस्ता हिंस्रक जनावरले आक्रमण गर्न थालेपछि त्यसको तथ्य पत्ता लगाउन क्यामेरा जडान गरिएको उनको भनाइ छ । सब डिभिजन वन कार्यालय प्रमुख मनोज शर्माले भने, 'जडान गरेको केही दिन भएको छ, तर अहिलेसम्म केही देखिएको छैन, निकुञ्ज वरिपरिका बासिन्दालाई बाघसँग सचेत र सजग रहन आग्रह गरिएको छ, क्यामेराको सहयोगले बाघबारे सही जानकारी प्राप्त हुने छ भन्ने विश्वास गरेका छौं ।' बाँकेको राप्तिसोनारी गाउँपालिका भगवती सामुदायिक वनमा जङ्गली बाघको आक्रमणमा परी एक महिलाको ज्यान गएपछि सो वन क्षेत्रमा क्यामेरा जडान गरिएको भगवती सामुदायिक वनका अध्यक्ष टीकाराम वलीले बताए । गत बुधबार राप्तीसोनारी गाउँपालिका-८ की ६७ वर्षीया चेती बुढाको बाघको आक्रमणबाट मृत्यु भएको थियो । स्थानीयका अनुसार सो जङ्गलमा यसअघि बाघ नदेखिएको तर बँदेल, चित्तल, जरायो भने देखिने गरेको थियो । यसअघि पनि गाउँलेका १० वटा बाख्रा बाघले मारेको थियो । सो सामुदायिक वननजिक बाँके राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पर्छ ।

# सुगम क्षेत्र छाडेर चिकित्सा शिक्षा पढ्न जुम्ला रोज्दै विद्यार्थी

■ नमस्ते समचारदाता

जुम्ला, माघ/१४




जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चिकित्सा शिक्षा अध्ययन गर्न विभिन्न जिल्लाका विद्यार्थी यहाँ आइपुगेका छन् । चिकित्सा शिक्षा विषयअन्तर्गत एमबिबीएस, बिएनएस, बिपिएच, बि-फार्म, बिएस्सी नर्सिङलगायतका विषय अध्ययन गर्न विभिन्न जिल्लाबाट एक सय चार विद्यार्थी यहाँ आएका हुन् । कुनै समयमा डाक्टरको अभावमा उपचार नपाएर अकालमै ज्यान गुमाउन बाध्य रहेको कर्णाली अहिले विशेषज्ञ डाक्टर उत्पादनको थलो बनेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले जनाएको छ । मेडिकल काउन्सिलका विभिन्न लाइसेन्स परीक्षामा शतप्रतिशत उत्तीर्ण भएर प्रतिष्ठानले शिक्षा क्षेत्रमा आफ्नो अब्बल क्षमता स्थापित गरेको छ । सुगम क्षेत्र छाडेर चिकित्सा विषय अध्ययन गर्न प्रतिष्ठानमा आउनेको संख्या बढेको जनाइएको छ । बिपिएचमा नयाँ भर्ना भएका जुम्ला कनका सुन्दरी गाउँपालिका-५ का सुरज उपाध्यायले कुनै समय कुम्लोकुटुरो बोकेर काठमाडौं पढ्नु जानुपर्ने अवस्था अन्त्य भएर र अहिले काठमाडौंबाट भारी बोकी जुम्ला आउनुपर्ने अवस्था बनेको बताउनुभयो । एमबिबिएस पढ्न गर्न प्रतिष्ठानमा आएकी काठमाडौंका प्रतीक्षा ज्ञावालीले प्रतिष्ठानको पठनपाठन, व्यवस्थापन लगायतका सबै पक्ष अब्बल लागेर अध्ययनका लागि जुम्ला रोजेको जानकारी दिनुभयो । प्रतिष्ठानमा विभिन्न सङ्कायतर्फ विद्यार्थी भर्ना भइसकेका छन् । जसमा एमबिबिएस तर्फ-४३ जना, बिपिएचमा-१५, बी फारतर्फ-१४ जना, बिएचसी नर्सिङ-१७, बिएनएसतर्फ-१५ गरी कुल एक सय चार विद्यार्थी देशका विभिन्न जिल्लाबाट जुम्ला पुगेको स्कुल अफ पब्लिक हेल्थ बिपिएच चौथो वर्षका संयोजक उपप्राध्यापक ओमप्रकाश काफ्लेले बताउनुभो ।

# थारु संग्रहालयप्रति आकर्षण बढ्दै

■ नमस्ते समचारदाता

दाङ, माघ/१४



दाङको दङ्गीशरण गाउँपालिका-३ चखौरामा स्थापना भएको थारू सांस्कृतिक सङ्गहालय घुमफिरसँगै अध्ययन तथा अनुसन्धानका लागि आकर्षणको केन्द्रका रूपमा विकास भइरहेको छ । थारू समुदायसँग कला, संस्कृति, गरगहना, रीतिरिवाज, परम्परा, भेषभुषासँगै जीवनशैली झल्काउने सामग्री अवलोकनसँगै अध्ययन तथा अध्ययनका लागि दैनिक सयौँको संख्यामा मानिसहरू पुग्ने गरेका छन् । करिव पाँच वर्षअघि स्थापना भएको थारू संग्रहालयमा पूर्वको मोरङदेखि पश्चिम कञ्चनपुर सम्म बसोवास गर्ने थारू समुदायको कला, संस्कृति, गरगहना, रीतिरिवाज, परम्परा, भेषभुषासँगै जीवनशैली झल्काउने सामग्रीहरू राखिएका छन् । थारू समुदायको कला, संस्कृति र पहिचान झल्ने सामग्रीसँगै थारू जातिका प्रथम राजा दङ्गीशरणको पूर्ण कदको प्रतिमा स्थापना गरिएको छ । थारू जातिको उद्गमस्थलका रूपमा रहेको दाङलाई थारू जातिको कला, संस्कृति, पहिचानसँगै इतिहास अध्ययन गर्ने केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले सङ्गहालय स्थापना गरिएको लुम्बिनी प्रदेशका पूर्व मुख्यमन्त्री डिल्लीबहादुर चौधरी बताउँछन् । उनका अनुसार सांस्कृतिक संग्रहालयमा थारू समुदायले प्रयोग गर्ने विभिन्न कपडा, चाँदीका गहना, पैसा, काठका चप्पल, माटाका भाँडा, ढकिया, गुन्द्री, जोत्न र खन्नलाई प्रयोग गरिने औजारसँगै मूर्ति, चित्रहरू राखिएका छन् । थारू जातिले जन्मदेखि मृत्युसम्मका गतिविधि र परम्परालाई अध्ययन तथा अनुसन्धान गर्न चाहने व्यक्तिका लागि अध्ययनस्थल भएको भन्दै पूर्व मूख्यमन्त्री चौधरीले बताए । उनका अनुसार चार विघा क्षेत्रफलमा फैलिएको संग्राहलयमा करिव ९० लाख बढीको सम्पत्ति जोडिएको छ । थारू बस्तीको झल्को दिने परम्परागत घरहरू, कोठा, देवता राख्ने ठाउँलगायतका जन्मदेखि मृत्युमा गरिने संस्कार झल्काउने सामग्रीसँगै महिला र पुरुषले लगाउने कपडा, धार्मिक गतिविधि, नाचगान गर्दा लगाउने कपडालगायतका शृङ्गारका सामग्री राखिएको थारू सांस्कृतिक संरक्षण केन्द्रका उपाध्यक्ष शान्ता चौधरीले बताइन् । संग्रहालय स्थापनाका लागि लुम्बिनी प्रदेश सरकारसँगै थारू समुदायको लगानी रहेको उनले बताइन् । उपाध्यक्ष चौधरीका अनुसार संग्रहालयमा आन्तरिक तथा बाह्य पर्यटक गरेर दैनिक दुई सयदेखि चार सय मानिसहरू पुग्ने गरेका छन् । संग्रहालयमा प्रवेशका लागि सय रुपैयाँ शुल्क निर्धारण गरिएको र जसमध्ये दस प्रतिशत दङ्गीशरण गाउँपालिकालाई जाने गरेको छ ।

# जुम्लामा आगलागीबाट जलेर एक जनाको मृत्यु

■ नमस्ते समचारदाता

जुम्ला, माघ/१४



सिञ्जा गाउँपालिका जाँचमा गाउँको वनमा आगलागी हुँदा एक जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी नायब उपरीक्षक क्षेदिलाल कामतिका अनुसार सिञ्जा गाउँपालिका वडा नम्बर १ जाँच निवासी ८१ वर्षीय भद्दे रावलको आगलागी बाट मृत्यु भएको हो । रुपाकोट सामुदायिक वनमा आगलागी हुँदा निभाउने क्रममा उहाँको मृत्यु भएको प्रहरीले जनाएको छ । आगो नियन्त्रणमा आइसकेको छ।

# सिमकोटको खार्पुदेखि ग्याग्रु सडक सुचारु

■ नमस्ते समचारदाता

हुम्ला, माघ/१४

सिमकोट गाउँपालिकाको खार्पुदेखि चुवा खोलासम्मको पर्यटकीय सडकको खार्पुबाट भित्तर गौढा हुँदै ग्याग्रुसम्मको सडक सुचारु भएको छ । चट्टानी भीरमा बिष्फोट गर्ने र स्काभेटर ले भीर छिचोली सडक निर्माण गरेर यातायातका साधन गुड्न थालेका हुन् । पूर्वाधार विकास कार्यालयका प्रमुख नरेशराज जैसीले एक वर्षको अथक प्रयासका बावजुद खार्पुदेखि चुँवा खोलासम्मको पर्यटकीय सडकको भित्तर गौढाको चट्टानी भीर छिचोल्ने कार्य पूरा हुँदा सडक सञ्चालनमा आएको बताए । सो खण्डको अगाडि र पछाडि सडक निर्माण पूरा भए पनि भित्तर गौढाको १४७ मिटर कडा चट्टानी भीर बाँकी रहेको थियो । विष्फोट गरेर सडक निर्माणपछि यातायातका साधन सञ्चालनमा आएका हुन् । भीर छिचोलिएसँगै अब यातायातका साधन खार्पुबाट सिमकोट गाउँपालिका-१ को दोजाम गाउँसम्म सञ्चालन हुन थालेका छन् । यसअघि सो खण्डको सडक नछिचोलिएका कारण सिमकोटबाट दोजाम जान बुराउसे, बरगाउँ र ठेहे भएर यातायातका साधन चढ्नुपर्ने अवस्था थियो । भीरमा चारदेखि छ मिटर सडक चौडा पारिएको छ भने तीसदेखि पचास मिटर माथिबाट चट्टान काटिएको छ । सडकको निर्माणको जिम्मा स्वच्छन्द निर्माण सेवाले लिए पनि स्थानीय स्तरमा दावा निर्माण सेवाले काम गरेको सो निर्माण सेवाका स्थानीय प्रतिनिधि कुल बहादुर लामाले जानकारी दिए । निकै कठिनाइका बीच चट्टानी भीर छिचोलेर सडक निर्माण गरिएको भन्दै उनले निर्धारित समयमा काम पूरा भएको बताए । खार्पु ग्याग्रु सडक निर्माणका लागि आर्थिक वर्ष २०७५/०७६ मा चार करोड बजेटमा ठेक्का लागेर गत वर्ष निर्माण सम्पन्न भएको थियो । निकै कडा चट्टान भएकाले सडक निर्माणका लागि पचास लाख बजेट कार्यालयले थपेर थप कामका रुपमा सोही निर्माण कम्पनीलाई जिम्मेवारी दिइएको थियो ।



## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

खार्पुनाथ गाउँपालिका
हुम्ला


नमस्ते कर्णाली राष्ट्रिय दैनिक Namaste Karnali National Daily
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके